# प्रेस विज्ञप्ति

**मणिपाल शिक्षण अस्पताल, पोखरा**

**मिति: २०८२/०६/२८**

मणिपाल शिक्षण अस्पताल, पोखरा सधैं **गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह** र **कर्मचारीहरूको समुचित अधिकारको संरक्षण** प्रति प्रतिबद्ध संस्था हो।

यद्यपि पछिल्ला केही दिनयता अस्पतालका नर्सिङ कर्मचारीहरूसँग सेवा-सुविधासम्बन्धी विषयमा सञ्चालित संवादकै क्रममा उत्पन्न परिस्थितिहरू, त्यसबारे फैलिएका भ्रामक सूचनाहरू र यसले अस्पताल सेवा प्रवाहमा पारेको असरप्रति अस्पताल प्रशासन यस विज्ञप्ति मार्फत स्पष्ट धारणा व्यक्त गर्दछ।

## १. हालसम्मको घटनाक्रम

मिति **२०८२ असोज १० गते राति करिब ८ बजे**, मणिपाल शिक्षण अस्पतालको ICU विभागमा कार्यरत केही नर्सिङ कर्मचारीहरूले आकस्मिक रूपमा आफ्नो कार्यस्थल छोडी **"तलबभत्ता वृद्धि नभएसम्म काममा नजाने"** निर्णय गरेका थिए।

ICU जस्तो संवेदनशील विभागमा यसरी बिरामीलाई अलपत्र पार्दा उपचारमा समस्या हुन सक्ने भएकाले, **Nursing Supervisor** ले बुझाए पछि कर्मचारीहरूलाई पुनः काममा फर्काउनुभएको थियो।

भोलिपल्ट, **मिति २०८२ असोज ११ गते शनिबार**, अस्पताल निर्देशक तथा मानव संसाधन विभाग प्रमुखको रोहबरमा **नर्सिङ स्टाफ र सक्रिय युनियनका प्रतिनिधिहरू सँग अस्पताल प्रशासनले पुनः छलफल** सम्पन्न गरेको थियो। उक्त छलफलमा **दशैंपछि पुनः बैठक बस्ने** सहमति भएको थियो।

दशैं बिदा समाप्त भएपछि, **मिति २०८२ असोज १९ गते आइतबार**, व्यवस्थापन पक्ष र नर्सिङ वार्ता टोलीका प्रतिनिधिहरूबीच पुनः वार्ता सम्पन्न भयो।



**Manipal College of Medical Sciences | Manipal Teaching Hospital**
**P.O. Box 155, Pokhara, Nepal, Ph: +977-61-552668 | P.O. Box 341, Pokhara, Nepal, +977-61-552666**
**E-mail: mcoms@nepalmanipal.edu.np | E-mail: mth@nepalmanipal.edu.np**
**URL: www.nepalmanipal.edu.np**

सो क्रममा व्यवस्थापनले "**आगामी शुक्रबारसम्म कर्मचारीहरूको माग सम्बोधन गर्न सकिने विषयमा अधिकतम प्रयास गर्ने**" प्रतिबद्धता जनाएको थियो र नर्सिङ कर्मचारीहरूले पनि **कार्यस्थलमा फर्किने सहमति** व्यक्त गर्नुभएको थियो।

त्यसपश्चात् पछिल्ला दिनहरूमा क्रमशः ३-४ चरणमा संवाद हुँदै, **मिति असोज २४ गते बिहीबार,** व्यवस्थापन पक्षले नर्सिङ वार्ता टोलीलाई बोलाई **मागका विषयमा लिखित प्रस्ताव प्रस्तुत** गरेको थियो । सो अवसरमा वार्ता टोलीका प्रतिनिधिहरूले "हामी आफ्ना साथीहरूलाई बुझाउँछौं" भन्ने आश्वासन दिनुभएको थियो।

तर, सो छलफलपछि केही कर्मचारीहरूले "व्यवस्थापनले नै सबैलाई बुझाउनुपर्छ" भन्ने जानकारी दिँदा, अस्पताल प्रशासनले **असोज २४ गते शुक्रबार करिब २०० जना नर्सिङ कर्मचारीहरूलाई अस्पताल हलमा बोलाई सम्पूर्ण विवरण जानकारी** गराएको थियो।

व्यवस्थापनले **लगभग ९५% मागहरू सम्बोधन भइसकेको** स्थिति प्रस्तुत गरेको थियो। साथै, यदि थप जिज्ञासा वा अस्पष्टता भए, सोही दिन अपराह्न ३ बजे सीईओको कार्यालयमा भेटघाट गरी पुनः छलफल गर्न सकिने व्यवस्था गरिएको थियो। तर, कर्मचारीहरू न त वार्तामा उपस्थित हुनुभयो, न त कार्यस्थलमा फर्किनुभयो।

त्यसपछि, सोही दिन दिउँसो करिब ४ बजे, कर्मचारीहरूले अस्पताल जस्तो संवेदनशील क्षेत्रमा **नाराबाजी गर्दै, कार्यरत अवस्थामै सम्पूर्ण जिम्मेवारी परित्याग गरी आन्दोलन र हड्तालमा उत्रनुभयो**।

यसका कारण ICU लगायतका वार्डहरूमा बिरामीहरूको उपचारमा गम्भीर असर पर्न गएको र अस्पतालमा रहेका अधिकांश **भर्ना बिरामीहरूलाई डिस्चार्ज गर्नुपर्ने अवस्था सिर्जना** भयो। गम्भीर बिरामीहरूलाई ICU मा केन्द्रित गरी उपचार गरिएको छ भने अन्य बिरामीहरूलाई **मौखिक रेफरल वा सर्जरी वार्डमा स्थानान्तरण** गरी सेवा सञ्चालन गरिएको छ।

हाल अस्पतालमा **ओ.पी.डी. सेवा मात्र सञ्चालनमा** छ भने, **भर्ना सेवा आवश्यक जनशक्ति अभावका कारण अस्थायी रूपमा रोकिएको** छ।



Manipal College of Medical Sciences | Manipal Teaching Hospital
P.O. Box 155, Pokhara, Nepal, Ph: +977-61-552668 | P.O. Box 341, Pokhara, Nepal, +977-61-552666
E-mail: mcoms@nepalmanipal.edu.np | E-mail: mth@nepalmanipal.edu.np
URL: www.nepalmanipal.edu.np

मिति २०८२ असोज २७ गते **आइतबार**, पुनः वार्ताको वातावरण निर्माण भई अपराह्न ३ बजे **दुबै पक्षबीच छलफल सम्पन्न** भएको र अर्को बैठक बस्ने सहमति भएको जानकारी गराइन्छ।

**२. समाजमा फैलिएका भ्रमहरूको स्पष्टिकरण**

केही माध्यमहरूमा नर्सिङ कर्मचारीहरूका **तलब, सुविधा र कार्यस्थितिबारे विभिन्न भ्रामक जानकारीहरू** प्रसारित भइरहेका छन्। यस सन्दर्भमा अस्पतालले निम्न यथार्थ विवरण सार्वजनिक गर्न चाहन्छ:

**(क) तलब सम्बन्धी**

नेपाल सरकारले तोकेको २०८२ साउन अघिका लागू न्यूनतम तलब **रु. १७,३००/-** हो। हाम्रो अस्पतालले ती कर्मचारीहरूलाई उक्त दर अनुसार तलब प्रदान गर्दै आएको छ र तलब हरेक नेपाली महिनाको **७ गते भित्र** नियमित रूपमा भुक्तानी गर्दै आएको जानकारी गराउन चाहन्छौं। बजारमा फैलिएको "नर्सहरूले रु. १२,००० वा रु. १५,००० मात्र पाउँछन्" भन्ने दाबी पूर्ण रूपमा **भ्रमित र आधारहीन** छ।

साथै, अस्पतालद्वारा आगामी दिनमा लागू गर्ने गरी **नयाँ तलब तथा भत्ता संरचना निर्धारण** गरिएको छ।

- **B.Sc./BN Staff Nurse (with minimum one year Experience) :** रु. २९,५८७/-
- **PCL Staff Nurse (with minimum one year Experience) :** रु. २८,५८७/-
- **CMA/ANAM (with minimum one year Experience) :** रु. २६,५८७/-
- **Fresh Nursing Staff:** रु. २४,२८७/-

यस सम्बन्धी जानकारी वार्ता टोली र आन्दोलनरत कर्मचारीहरूलाई आधिकारिक रूपमा दिइसकिएको छ।

**(ख) बिदा सम्बन्धी**

अस्पतालले नर्सिङ कर्मचारीहरूलाई साप्ताहिक एक दिनको बिदा, घर बिदा, बिरामी बिदा र सरकारले तोकेका सम्पूर्ण सार्वजनिक बिदा प्रदान गर्दै आएको छ। अस्पतालले **अतिरिक्त समय काम गर्ने नर्सिङ कर्मचारीहरूका लागि** Time Banking **प्रणालीको व्यवस्थित व्यवस्था** गरेको छ, जसले उनीहरूको अतिरिक्त कार्यसमयको उचित मूल्याङ्कन र भुक्तानी सुनिश्चित गर्दछ।



**Manipal College of Medical Sciences | Manipal Teaching Hospital**
**P.O. Box 155, Pokhara, Nepal, Ph: +977-61-552668 | P.O. Box 341, Pokhara, Nepal, +977-61-552666**
**E-mail: mcoms@nepalmanipal.edu.np | E-mail: mth@nepalmanipal.edu.np**
**URL: www.nepalmanipal.edu.np**

"बिदा नपाएको" भन्ने दाबी **तथ्यहीन** हो।

### (ग) रातिको सवारी सुविधा

राति ड्युटी सकेर फर्किने नर्सिङ कर्मचारीहरूका लागि **सवारी सुविधा पहिले नै व्यवस्था गरिएको** छ। केही तालमेलका समस्या देखिएकाले, सम्बन्धित पक्षसँगको सहमति अनुसार **समाधानको प्रक्रिया अघि बढिसकेको** छ।

### (घ) होस्टल तथा भोजन सुविधा

करिब ५० नर्सिङ कर्मचारीहरूका लागि **आवासीय होस्टल सुविधा** उपलब्ध छ, जसको **मासिक भाडा रु. ६०० मात्र** रहेको छ।

साथै, अस्पतालको **आवासीय** नर्सिङ कर्मचारीहरूका लागि अस्पतालको मेसमा एकछाकको **रु. ४५ मा पौष्टिक भोजन** उपलब्ध गराइएको छ।

### ३. अस्पताल प्रशासनको अपील

मणिपाल शिक्षण अस्पतालले विगत तीन दशकदेखि यस प्रदेशमा **गुणस्तरीय, सुरक्षित र उदाहरणीय स्वास्थ्य सेवा** प्रदान गर्दै आएको छ।

"न्यून पारिश्रमिकमा कार्य गराइएको" वा "श्रम शोषण गरिएको" भन्ने आरोपहरू **तथ्यहीन र भ्रामक** छन्, र यसप्रति अस्पताल प्रशासनले **गहिरो आपत्ति** प्रकट गर्दछ।

हामी पुनः स्पष्ट गर्न चाहन्छौं कि **हरेक समस्या समाधानको माध्यम संवाद नै हो**, र अस्पताल प्रशासन **वार्ता र सहकार्यका लागि सधैं खुला** छ।

अन्त्यमा, यस्ता गतिविधिहरूले संस्था, सेवा उपभोक्ता र सम्पूर्ण स्वास्थ्य प्रणालीमा **नकारात्मक प्रभाव** पार्न सक्ने भएकाले, सबै सरोकारवाला पक्षहरूलाई **शान्तिपूर्ण, जिम्मेवार र संवादमुखी माध्यमबाट समस्या समाधान खोज्न हार्दिक अनुरोध** गर्दछौं।

**अस्पताल प्रशासन,**
**मणिपाल शिक्षण अस्पताल, पोखरा**



Manipal College of Medical Sciences | Manipal Teaching Hospital
P.O. Box 155, Pokhara, Nepal, Ph: +977-61-552668 | P.O. Box 341, Pokhara, Nepal, +977-61-552666
E-mail: mcoms@nepalmanipal.edu.np | E-mail: mth@nepalmanipal.edu.np
URL: www.nepalmanipal.edu.np